# रिब्दीकोट गाउपालिका

# स्थानीय राजपत्र

**खण्ड : ७ रिब्दीकोट श्रावण ३, २०८० साल संख्याः २**

**भाग-२**


## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिम रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८० सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८०

स्वीकृत मिति: २०८०।०४।०२

**प्रस्तावनाः**

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, लघु उद्यम, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपद व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सबलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रम मार्फत जीवनस्तरमा सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यले सरकारी वा गैर सरकारी संघ संस्था, निजी क्षेत्र र गाउपालिका बिच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न "रिब्दीकोट गाउँपालिकाले स्थानीय

सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सो ऐनको दफा २५ र २६ को व्यवस्था कार्यान्वयन गर्न रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन २०७९ को दफा १३ को अधीनमा रही यो कार्यविधी तयार गरी लागु गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ**

१) यस कार्यविधीको नाम "रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८०" रहेको छ ।

२) यो कार्यविधि रिब्दीकोट गाउँपालिकाको क्षेत्रभर लागू हुनेछ ।

३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधीमाः

(क) "गाउँपालिका" भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "अध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ग) "उपाध्यक्ष" भन्नाले रिब्दीकोट गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रिब्दीकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले रिब्दीकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

च) "कार्यविधी" भन्नाले रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि, २०८०" लाई सम्झनु पर्छ ।

छ) "कार्यक्रम" भन्नाले साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ को दफा ३ बमोजिम संचालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

ज) "अनुदान" भन्नाले अनुदानग्राहीलाई प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने सामाग्री र उपकरण सम्झनुपर्दछ ।

झ) "अनुदानग्राही" भन्नाले यस कार्यविधी अनुरुप छनौट भएर अनुदानसँग सम्बन्धित कुनै पनि सेवा सुविधा प्राप्त गर्ने लाभग्राही बुझिन्छ ।

## परिच्छेद - २
## साझेदारी कार्यक्रमका क्षेत्र

**३. साझेदारीमा कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछन्ः**

क) शिक्षा
ख) स्वास्थ्य
ग) कृषि
घ) पर्यटन
ङ) भौतिक पुर्वाधार
च) विपद व्यवस्थापन तथा जलवायु परिवर्तन
छ) खानेपानी तथा सरसफाई
ज) रोजगारी तथा स्वरोजगार सृजना
झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना
ञ) वन तथा वातावरण संरक्षण
ट) संस्थागत विकास तथा सुशासन
ठ) सहकारी संस्थाहरुको सवलीकरण
ड) पशु विकास
ढ) स्थानीय उत्पादनको संकलन, प्रशोधन तथा बजारीकरण
ण) गाउँपालिकाले आवश्यक ठानी निर्णय गरेका अन्य क्षेत्र

## परिच्छेद - ३
## साझेदार छनौट प्रक्रिया

**४. साझेदार छनौट प्रक्रिया देहाय बमोजिम हुनेछन्ः**

१) साझेदारीको लागि छनौटमा परेका कार्यक्रम वा योजना गाउँ कार्यपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।

२) खुला रुपमा अनुसूची- १ बमोजिमको आशयपत्र माग गरी संक्षिप्त सूची तयार गर्नु पर्नेछ ।

३) दश लाख भन्दा बढी लागत अनुमान भएको साझेदारी कार्यक्रम गर्नु परेमा आशयपत्रदाता बीच प्रतिस्पर्धा गराई आशयपत्र माग गर्नुपर्नेछ । सो सम्बन्धी आशयपत्र संकलन गर्न कम्तीमा १५ दिनको अवधि दिई राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

४) दुई वा दुई भन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संघसंस्थाले समूह, संगठन वा संयुक्त उपक्रमको रुपमा आशयपत्र दाखिला गर्न सक्नेछन् । तर यसरी संयुक्त उपक्रम कायम गर्दा दोहोरो पर्ने गरी संयुक्त उपक्रम गर्न सकिने छैन ।

५) प्रथम पटकको सूचना बमोजिम आशयपत्रदाताको छनौट गर्दा कम्तीमा ३ वटा आशयपत्रदाता छनौट हुन नसकेमा गाउँपालिकाले पुनः राष्ट्रियस्तरको समाचार

पत्रमा सूचना प्रकाशन गरी १५ दिनको अवधि दिई आशयपत्र माग गर्नुपर्नेछ ।

६) दोस्रो पटक सूचना प्रकाशन गर्दा पनि कम्तिमा तीनवटा आशयपत्र छनौट हुन नसकेको खण्डमा भएका जति आशयपत्रदाताको मात्र सूची कायम गर्न सकिनेछ ।

७) आशयपत्रदाताले खुलाउनु पर्ने विवरणः

क) व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण, संगठन;

ख) विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण; व्यक्तिगत आशयपत्रदाताको हकमा विगत तीन वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण;

ग) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण ।

**५. छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :**

१) आशयपत्रदाताले पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, कार्यानुभव पत्र, विगत तीन वर्षको लेखा परीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनु पर्नेको हकमा), आशयपत्रका साथ पेश गरेको हुनु पर्नेछ ।

२) आशयपत्रमा उल्लेख गरिएको कार्यक्रमको विषयगत क्षेत्रमा कम्तिमा दुई वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ ।

३) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र पेश गरेको हुनु पर्नेछ ।

४) आशयपत्र सहितको निवेदन अनुसूची- २ बमोजिमको ढाँचामा बुझाउनु पर्नेछ ।

६. **प्रस्ताव माग गर्नेः** दफा ४ को उपदफा ६) बमोजिम संक्षिप्त सूची तयार भएपछि गाउँपालिकाले सो संक्षिप्त सूचीमा परेका आशयपत्रदाताहरुलाई प्रस्ताव सम्बन्धी कागजात अनुसूची- ३ बमोजिम पठाई कम्तीमा ३० दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गर्नु पर्नेछ । प्रस्ताव सम्बन्धी कागजातमा देहायका कुराहरु उल्लेख गर्नुपर्नेछः

क) साझेदारी कार्यक्रमको प्रकृति, अनुमानित लागत, अवधि, स्थान, सम्पन्न गर्नुपर्ने कार्य र अपेक्षित परिणाम,

ख) प्राविधिक तथा आर्थिक मूल्यांकन भार,

ग) प्रस्ताव पेश गर्नुपर्ने स्थान, मिति र समय,

घ) तोकिए बमोजिमका अन्य कुरा ।

**७. गाउँपालिकाको मूल्याङ्कन समितिले** दफा १२ र १३ बमोजिम प्राविधिक तथा आर्थिक प्रस्तावको लागि छुट्याइएको अकं भारका आधारमा सबैभन्दा बढी अकं प्राप्त गर्ने प्रस्तावदातालाई छनौट गर्नेछ ।

## ८. प्रस्ताव खोल्ने तरिकाः

१) गाउँपालिकाले दफा ७ बमोजिम प्राप्त साझेदारीको प्रस्ताव खोल्दा प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोल्नु पर्नेछ । तर प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

२) उपदफा १) बमोजिम प्रस्ताव खोल्दा गाउँपालिकाले रीतपूर्वक दर्ता भएका प्रस्तावको बाहिरी खाम खोली सो खामसँगै रहेको प्राविधिक प्रस्तावको देहायका कुरा पढेर सुनाई सोको मुचुल्का तयार गर्नुपर्नेछः

क) प्रस्तावदाताको नाम र ठेगाना,

ख) प्रस्तावमा प्रस्तावदाताको हस्ताक्षर भए नभएको,

ग) प्रस्ताव सम्बन्धी कागजातमा सच्चाइएको वा केरमेट गरेकोमा प्रस्तावदाता वा निजको प्रतिनिधिले हस्ताक्षर गरे नगरेको,

घ) गाउँपालिकाले उपयुक्त ठानेका अन्य कुराहरु ।

३) मूल्याङ्कन समितिले आर्थिक प्रस्तावको खाम खोल्दा प्राविधिक प्रस्तावमा प्राप्त उच्चतम अंकको क्रममा खोली उपदफा २) बमोजिको विवरण, प्राविधिक प्रस्तावमा प्राप्त गरेको अंक र प्रस्तावित सेवा शुल्क समेत सो को मुचुल्का तयार गर्नुपर्नेछ ।

४) उपदफा २) र ३)बमोजिमको मूचुल्कामा गाउँपालिकाले उपस्थित प्रस्तावदाता वा निजको  प्रतिनिधिको दस्तखत गराउनुपर्नेछ ।

## ९. प्रस्तावहरुको मूल्याङ्कनः

१) आशयपत्र तथा प्रस्तावहरुको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम गाउँपालिकामा गठित मूल्यांकन समितिले मूल्याङ्कन  गरी छनौटको लागि सिफारिस गर्नेछ ।

२) मूल्याङ्कन समितिले अध्यक्ष, उपाध्यक्ष र  प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई सरकारी वा गैर सरकारी क्षेत्रको विशेषज्ञलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## १०. प्रस्तावहरुको मूल्याङ्कनः

१) कुल अंकभार एक सय मध्ये प्राविधिक प्रस्तावको अंकभार सत्तरी तथा आर्थिक प्रस्तावको अंकभार तीस हुनेछ । प्राविधिक र आर्थिक प्रस्तावको संयुक्त मूल्यांकन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावदाताको प्रस्ताव छनौट गर्नु पर्नेछ ।

## ११. प्राविधिक प्रस्तावको मूल्याङ्कनः

| क्र.सं. | मूल्याङ्कनको आधारहरु | अंकभार |
|---|---|---|
| १) | प्रस्तावदाताको कार्यअनुभव | २५% |
| २) | कार्य सम्पादन गर्ने प्रस्तावित तरिका र कार्य क्षेत्रगत शर्त प्रतिको प्रभावग्राहिता | २५% |
| ३) | प्रस्तावित मुख्य जनशक्तिको योग्यता | ३०% |
| ४) | ज्ञान तथा प्रविधि हस्तान्तरण वा तालिम | २०% |

२) उपदफा १) मा उल्लेखित आधारहरुलाई दफा ३ मा उल्लेखित साझेदारी कार्यक्रमका क्षेत्र अनुसार विभिन्न उप-आधारमा विभाजन गरी सो वापतको अंक समेत निर्धारण गर्नुपर्नेछ ।

३) उपदफा १) बमोजिम अकंभार उल्लेख गर्दा उत्तीर्णाङ्क समेत उल्लेख गर्नुपर्नेछ ।

४) गाउँपालिकाले यथाशीघ्र प्राविधिक प्रस्तावहरुको मूल्याङ्कन गरी सोको सूचना प्रस्तावदातालाई दिनुपर्नेछ ।

५) गाउँपालिकाको मूल्याङ्कन समितिले उपदफा ३ बमोजिमको उत्तीर्णाङ्क प्रस्तावदाताहरुको सूचि तयार गरी आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थानको जानकारी गराउनु पर्नेछ ।

७) उपदफा ५) बमोजिमको सूचीमा समाबेश हुन नसकेका प्रस्तावदाताको आर्थिक प्रस्ताव नखोली सम्बन्धित प्रस्तावदातालाई फिर्ता गर्नुपर्नेछ ।

## १२. आर्थिक प्रस्तावको मूल्याङ्कनः

१) प्रस्ताव सम्बन्धी कागजातमा अन्यथा उल्लेख गरिएकोमा बाहेक आर्थिक प्रस्तावको मूल्याङ्ककन प्रयोजनको लागि सो प्रस्तावमा उल्लेखित साझेदारले ब्यहोर्ने कुल नगद रकम प्रतिशत, परियोजना सञ्चालन खर्च तथा कार्यक्रम खर्च समेतको आधारमा गरिनेछ ।

२) प्रस्तावदाताको आर्थिक प्रस्तावको मूल्याङ्कन गर्दा प्रस्तावमा कुनै अकंमा गणितीय त्रुटि पाइएका गाउँपालिकाले त्यस्तो त्रुटी सच्याउन सक्ने र त्यसरी त्रुटी सच्याउँदा एकाई दर र कुल रकममा भिन्नता भएमा एकाई दर मान्य हुनेछ र सोही दर बमोजिम कुल रकम सच्याउनु पर्नेछ ।

३) प्रस्तावदाताको अकं र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ ।

४) उपदफा १), २) र ३) बमोजिमको मूल्याङ्ककनपछि सबै प्रस्तावदाताको कायम हुन आएको कबोल अकंको सूची तयार गर्नपर्नेछ ।

## परिच्छेद - ४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

**१३. साझेदारी कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहायबमोजिमको कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः–**

क) गाउँपालिका अध्यक्ष –संयोजक
ख) गाउँपालिकाको उपाध्यक्ष– सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
घ) कार्यक्रम सञ्चालन हुने वडाहरुका वडा अध्यक्ष– सदस्य
ङ) लेखा शाखा प्रमुख– सदस्य
च) योजना शाखा प्रमुख – सदस्य
छ) साझेदार संस्थाका दुई जना प्रतिनिधि– सदस्य
ज) सम्बन्धित विषयगत शाखा प्रमुख – सदस्य सचिव

**१४. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने,
ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समीक्षा गर्ने,
ग) कार्यक्रम मूल्यांकनको आधारमा साझेदारलाई सम्झौता अनुरुपको बजेटको चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने,
घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने,
ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने,
च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

**१५. मूल्याङ्कन समितिको काम कर्तव्य र अधिकारः** मूल्याङ्कन समितिले यस कार्यविधीमा उल्लेख गरिएको मापदण्डको आधारमा प्रस्तावना छनौट गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्णयार्थ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**१६. साझेदारीमा संचालित कार्यक्रमको कार्यान्वयन ढाँचा देहाय बमोजिमको हुनेछः**

१) कार्यक्रमले समेट्ने लाभग्राहीलाई समूहमा आवद्ध गराई संगठित रुपमा स्रोत व्यवस्थापन गर्न सकिनेछ ।
२) कार्यक्रमको प्रारम्भिक चरणमा सेवा पाएका लाभग्राहीहरुले आफुले पाएको सेवासुविधा बराबरको सामाग्री अन्य लाभग्राहीहरुलाई प्रदान गर्नका लागि उप–समूहहरु बनाई अगाडि बढ्न सकिनेछ ।
३) लाभग्राहीहरु आवद्ध विभिन्न तहका समूहहरुलाई संस्थागत गरी सहकारीहरु स्थापना

गर्न सकिनेछ ।

४) साझेदारले कार्यक्रम कार्यान्वयनको क्रममा लाभग्राहीहरुलाई विभिन्न किसिमका औपचारिक तथा अनौपचारिक तालिम तथा अभिमूखिकरणहरुको व्यवस्था गर्न सक्नेछ ।

५) लाभग्राही समूहहरुले कार्यक्रम मार्फत अनुदान स्वरुप रकम तथा भौतिक सामग्री प्राप्त गर्न सक्नेछन् ।

६) कार्यक्रमको साझेदार छनौट भए पश्चात दुवै पक्षबिच आपसी छलफल गरी अनुगमन तथा समन्वय समितिको बैठकले आवश्यकता अनुसार विस्तृत योजना तथा बजेट निर्धारण गर्नेछ ।

७) साझेदारको साझेदारी हिस्सा न्यूनतम हिस्सा ३० प्रतिशत रहनेछ । नगद हिस्सा साझेदारले संचालन गर्ने बैंक खातामा जम्मा गरेर परिचालन गर्नुपर्नेछ ।

८) गाउँपालिकाको साझेदारी हिस्साको बजेट चौमासिक रुपमा तीन किस्तामा कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा साझेदारको बैंक खातामा पेश्की स्वरुप उपलब्ध गराइनेछ । जस अन्तरगत पहिलो किस्ता कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत सम्म पेश्की प्रदान गर्न सकिनेछ। कुनै विशिष्ट कारणवस स्वीकृत किस्ता अन्तर्गतको रकम निकासा नभएमा गाउँपालिकाले आगामी किस्तामा थप गरी निकासा गर्न सक्नेछ । साझेदारीको समयावधि पहिलो आर्थिक वर्षमा ६ महिना भन्दा कम भएमा पेश्की एकै किस्तामा निकासा गर्न सकिनेछ ।

९) गाउँपालिका तर्फको बजेट शीर्षकबाट खर्च गर्दा यस ऐन तथा कार्यविधीमा तोकिएमा सो बमोजिम र अन्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना गर्नुपर्नेछ ।

१०) साझेदारी रकमको लेखांकनको सम्पूर्ण जिम्मेवारी साझेदारको हुनेछ ।

११) तोकिएका क्रियाकलापहरू सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाईका आधारमा पेश्की फर्छ्यौट गरी आगामी चौमासिक बजेट निकासाका लागि साझेदारले पेश्की माग गर्नुपर्नेछ । साझेदारले आफ्नो तर्फको लागत खर्चको बिल भपाईको एक प्रति समेत गाउँपालिकाको कार्यलयमा बुझाउनु पर्नेछ । चालू आर्थिक वर्षको बिचमा बजेट संशोधन गर्न आवश्यक परेको खण्डमा कार्यक्रम अनुगमन तथा समन्वय समितिले बैठक बसी परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

१२) मूल्य अभिवृद्धि कर सम्बन्धमाः मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) सँग सम्बन्धित समुहः १ का आधारभूत कृषि उत्पादनहरु, समुहः ३ का जीवजन्तु तथा सोको उपज, समुहः ४ का कृषि सामाग्रीहरु तथा पशु औषधी जस्ता बस्तुहरुमा मूल्य अभिबृद्धि कर नलाग्ने उल्लेख गरिएको छ । गाउँपालिका तर्फ भुक्तानी रकम लक्षित परिवारहरूको वार्षिक आम्दानीमा वृद्धि गरी जिविकोपार्जनमा सुधार गर्ने उद्देश्य रहेको र उक्त भुक्तानी अनुदान सरह रही उक्त कारोवार वस्तु तथा सेवाको कारोवार नहुने र साझेदारले खर्चको सक्कल बिल नै पेश गर्नु पर्ने भएको हुँदा

छुट्टै बिल बिजक जारी गर्न आवश्यक पर्दैन । साथै कुनै प्रकारको प्रतिफल वा व्यापारिक प्रयोजन नराखी गैर नाफामूलक साझेदारीमा आउने तथा भ्याटजन्य वस्तु वा सेवाको कारोबार समेत नगर्ने साझेदारको हकमा मु.अ.क. आर्कषित हुने छैन ।

१३) भुक्तानीमा कर कट्टी सम्बन्धमाः आयकर निर्देशिका, २०६६ को परिच्छेद १६ (भुक्तानीमा कर कट्टि) को १६.२.४ अनुसार कर छुट भएको गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था, कुनै नियोग, कार्यालय वा अन्य कुनै संस्थाले आफुलाई कुनै प्रतिफल प्राप्त नहुने कार्यको लागि स्थानीय रुपमा दिएको अनुदान(Local subsidy), वा अन्य कुनै सम्झौता गरी रकम भुक्तानी गर्दा भुक्तानीकर्ताको तर्फवाट हुने खर्चको बील, भौचर र खर्चको प्रमाण पेश गरे पछि सोधभर्ना गर्ने वा हिसाव फर्छौट गर्ने रकमको हकमा यस्तो रकम भुक्तानी प्राप्त गर्ने संस्था वा व्यक्तिको आम्दानी हुने नभई भुक्तानीकर्ताको तर्फवाट हुने खर्च भएकोले यस्तो भुक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्दैन । तर खर्चको सोधभर्ना गर्दा वा हिसाव फर्छौट गर्दा सम्झौता गर्ने अर्को पक्षले आयकर ऐन, २०५८ वमोजिम कर कट्टी गर्नु पर्ने भुक्तानी गरे नगरेको र गरेको भए सो भुक्तानीमा कर कट्टी गरे नगरेको एकिन गर्नु पर्छ । साथै कर कट्टी गरेको भए कर कट्टी गरेको रकम राजस्वमा दाखिला गरेको निस्सा पेश गराउने, कर कट्टी नगरेको भए कट्टी गरी राजस्वमा दाखिला गराउनु पर्छ।

१४) बहुवर्षीय कार्यक्रमको हकमा गाउँपालिकाको तर्फबाट विनियोजन हुने बजेट सोही आर्थिक वर्षमा खर्च नभएको खण्डमा बाँकी रकम आगामी आर्थिक वर्षमा समायोजन गरेर साझेदारले खर्च गर्न सक्नेछ ।

१५) अनुदान उपलब्ध गराउने हकमाःगाउँपालिकाको स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमहरुको उद्धेश्य अनुरुप आवश्यकता निर्धारण गरी कार्यक्रम संचालित क्षेत्रका लाभग्राहीहरुको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

१) अनुदानको प्रकार र सीमा कार्यक्रम अनुगमन तथा समन्वय समितिले निर्धारण गर्नेछ।

२) अनुदानको रुपमा लाभग्राहीहरुलाई भौतिक सामाग्री वा रकम उपलब्ध गराउन सकिनेछ ।

३) अनुगमन तथा समन्वय समितिले पालिकासँग भएको तथ्यांकको आधारमा वास्तविक आवश्यकता पहिचान गरी भौतिक तथा नगद अनुदान प्रदान गर्नको लागि लाभग्राही छनौट गर्नेछ ।

**१७) अनुदान सामाग्री वितरण प्रक्रियाः**

१) अनुदान प्रक्रियालाई पारदर्शी बनाउनको निम्ति लाभग्राहीहरुको समिति गठन गरी उक्त समितिबाट अनुदान वितरण गर्न सकिनेछ ।

२) भौतिक सामाग्री वितरण प्रक्रिया विषयगत शाखाका कर्मचारी तथा वडा अध्यक्ष एवं वडाका अन्य प्रतिनिधिहरुको रोहबरमा हुनेछ ।

३) नगद अनुदान दिइने हकमा अनुदानग्राहीसँग भएको सम्झौता वा अनुदानको मापदण्डमा उल्लेख गरिए अनुसारको आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि साझेदारले अनुदान तर्फको रकम भुक्तानी गर्न सक्नेछ ।

४) भौतिक तथा नगद अनुदान दुवैको हकमा साझेदार संस्थाले सम्पूर्ण प्रक्रियाको अभिलेखिकरण राख्नुपर्नेछ ।

५) वितरण गर्नु पर्ने भौतिक सामाग्री विशेष प्रकृतिका भएका कारण सहज रुपमा उपलब्ध हुन नसकेको खण्डमा, धेरै संख्यामा गुणस्तरीय वस्तु उपलब्ध हुन नसकेमा तथा भू–परिवेशको भिन्नताको कारण एक स्थानबाट अर्को स्थानसम्म लैजान उपयुक्त नहुने भएमा तोकिएका प्राविधिक मापदण्ड पूरा गरी लाभग्राहीहरुको समिति गठन गरी वडा कार्यलयको रोहबरमा किसानहरुबाट सोझै खरिद गर्न सकिने छ । सो अवस्थामा साझेदार संस्थाले गुणस्तरको सुनिश्चितता गरी तोकिएको अनुदान रकम उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ५
## सम्झौता, प्रतिवेदन, अनुगमन तथा मूल्यांकन

१८) **सम्झौताः** साझेदारी कार्यक्रमको सम्झौता कार्यक्रम अनुगमन तथा समन्वय समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम ७ दिन भित्र कार्यपालिका सदस्यहरुको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले अनुसूची -६ बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

१९) **प्रतिवेदनः** साझेदारी कार्यक्रम कार्यान्वयनको चौमासिक र वार्षिक प्रगति प्रतिवेदन अनुसूची -७ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

२०) **अनुगमन तथा मूल्यांकनः**कार्यक्रम अनुगमन तथा समन्वय समितिले कम्तिमा चौमासिक रुपमा कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नु पर्नेछ ।

## परिच्छेद - ६
## विविध

२१) **लेखापरीक्षणः**

१) साझेदारी कार्यक्रमको प्रचलित कानून बमोजिम आन्तरिक लेखा परीक्षण गराई आर्थिक वर्ष समाप्त भएपछि अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

२) साझेदारले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आ.व.को समाप्तपछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ । यस्तो लेखा परीक्षणको प्रतिवेदन र वित्तिय विवरणको एक प्रति साझेदारले पालिकामा बुझाउनुपर्नेछ ।

२२) **समन्वयः**

साझेदारी कार्यक्रम व्यवस्थितरुपमा सञ्चालन गर्नको लागि सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय, रिब्दीकोट गाउँपालिका र यस मातहतका वडा कार्यालयहरुमा कार्यक्रम अनुगमन तथा समन्वय समितिले समन्वय गर्नु पर्नेछ ।

२३) **खर्चमा बन्देजः**

साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शीर्षकबाट अर्कोमा रकमान्तर गर्दा उक्त शीर्षकमा छुट्याइएको वार्षिक बजेटको १० प्रतिशत सम्म कार्यक्रम अनुगमन तथा समन्वय समितिको पुर्व स्वीकृती लिई मात्र गर्नु पर्नेछ ।

२४)**कसुर र सजायः**

१) साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्व वहन गर्नु पर्नेछ ।

२) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरीने छ । यस्तो निर्णय गर्नुपुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

३) पेश्की वापत जमानत राख्नुपर्ने भई राखेको भए सो बापतको जमानत समेत जफत गरिनेछ ।

२५) **पारदर्शिताः**

साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ । कार्यक्रम छनौट र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

२६) **उत्तरदायित्वः**

कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा बहन गर्नु पर्नेछ ।

२७)**संशोधन तथा हेरफेरः**

यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाँउपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

२८) **बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः**

गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

२९)**प्रचलित कानुन लागु हुनेः**

साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्धिविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा गाउँपालिकाको व्याख्या अन्तिम हुनेछ ।

**३०) खारेजी र बचाउः**

१) मिति २०७७ पुष १२ गते प्रमाणिकरण भई राजपत्रमा प्रकाशित भएको रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन कार्यविधी, २०७७ खारेज गरिएको छ ।

२) उपदफा १) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेको काम कारबाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

# **अनुसूची - १**

(दफा .....को उपदफा....को खण्ड सगँ सम्बन्धित)

आशय पत्र आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मितिः २०...../...../.....

रिब्दीकोट गाउँपालिकाले निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थासगँ साझेदारीमा काम गर्ने उदेश्यले रिब्दीकोट गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा ब्यवस्थापन गर्न बनेको ऐन, २०७९ तथा रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्याविधि, २०८० बमोजिम आ.व. ......... देखी सालबसाली/बहुबर्षीय रुपमा कार्यविधीको परिच्छेद २ मा उल्लेखित साझेदारीको क्षेत्रमा काम गर्न ईच्छुक आवश्यक योग्यता पुगेका निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका व्यक्ति वा संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो संस्थाको आशय पत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेभसाइट www.ribdikotmun.gov.np बाट डाउनलोड गर्न वा रिब्दीकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, खस्यौली, पाल्पाबाट प्राप्त गर्न सकिनेछ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन ।

........................................

प्रमुख प्रशासकिय अधिकृत

# गाउँपालिका वेभसाइटमा प्रकाशन गर्ने सूचनाको नमूना

आशय पत्र आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मितिः २०..।..।..

रिब्दीकोट गाउँपालिकाले निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थासगँ साझेदारीमा काम गर्ने उदेश्यले रिब्दीकोट गाउँपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा ब्यवस्थापन गर्न बनेको ऐन, २०७९ तथा रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्याविधि, २०८० बमोजिम आ.व. ......... देखी सालबसाली/बहुबर्षीय रुपमा कार्यविधीको परिच्छेद २ मा उल्लेखित साझेदारीको क्षेत्रमा काम गर्न ईच्छुक आवश्यक योग्यता पुगेका निजी क्षेत्र तथा गैरसरकारी क्षेत्रका व्यक्ति वा संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफ्नो संस्थाको आशय पत्र पेश गर्न आह्वान गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण गाउँपालिकाको वेभसाइट www.ribdikotmun.gov.np बाट डाउनलोड गर्न वा रिब्दीकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, खस्यौली, पाल्पाबाट प्राप्त गर्न सकिनेछ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गाउँपालिका जवाफदेही हुनेछैन ।

१) कार्यक्रमको विस्तृत विवरणः ...................
२) कार्यक्रम सम्पन्न हुने अवधीः ....................
३) मुख्य कामको विवरणः ...................
४) कार्यअनुपातः ...................

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु**

१) आशयपत्र पेश सम्बन्धी निवेदन,
२) संस्थाको दर्ता, नवीकरण, करचुक्ता, स्थायी लेखा नम्बर, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा) लगायतका कागजातरुको प्रमाणित प्रतिलिपी ,
३) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
४) संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति,
५) प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी,
६) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल प्रति,
७) व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
८) विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
९) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

आशय पत्रदाताकोआशय पत्र रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधी, २०८०को दफा ११), १२) र १३) बमोजिमका आधारमा मुल्याङ्कन गरिनेछ ।

# अनुसूची-२

(दफा .....को उपदफा....को खण्ड सगँ सम्बन्धित)

आशय पत्र निवेदनको ढाँचा

मितिः २०..../..../.....

श्री ................................................ ज्यू,
रिब्दीकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
खस्यौली, पाल्पा ।

विषयः आशय पत्र पेश गरिएको सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा....................गाउँपालिकाको मिति २०...../...../..... प्रकाशित आशयपत्र आब्हानको सूचना बमोजिम आ.व............ देखी.............सम्म..............को अवधीमा ....................................... उद्देश्यका लागि .................. साझेदारी कार्यक्रम” कार्यान्वयन गर्न यस ...................................... संस्थाले आशय पत्र पेश गरेको जानकारी अनुरोध छ ।

निवेदक

**आशयपत्रका साथ संलग्न कागजातहरु**

१) आशयपत्र पेश सम्बन्धी निवेदन,
२) संस्थाको दर्ता, नवीकरण, स्थायी लेखा नम्बर, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा) लगायतका कागजातरुको प्रमाणित प्रतिलिपी
३) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र,
४) संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल प्रति,
५) प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ,
६) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल प्रति,
७) व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)
८) विगत तीन वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण । व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण
९) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण

**फाराम १ :  संस्थाको बारेमा जानकारीः**

| सि.न. | विवरण | विस्तृत जानकारी |
|---|---|---|
| १ | संस्थाको नाम र पत्राचार गर्ने ठेगाना | |
| २ | संस्थाको प्रकार | |
| ३ | सम्पर्क ठेगाना र सम्पर्क व्यक्ती | ठेगानाः<br>सम्पर्क ब्यक्तीको नामः<br>सम्पर्क ब्यक्तीको पदः<br>सम्पर्क नम्बरः<br>इमेल ठेगानाः |
| ४ | संस्थाको लक्ष्य र उदेश्य | |
| ५ | कार्यगत क्षेत्रहरु | |
| ६ | संयुक्त उपक्रममा प्रस्ताव गरिएको भए साझेदार संस्थाको नाम | |
| ७ | दर्ता विवरण | दर्ता नं. |
| | | दर्ता मितिः |
| | | दर्ता गर्ने निकायको नामः |
| | | पछिल्लो नवीकरण मिति र अवधीः |
| ८ | PAN  दर्ता नम्बर र मिति | PAN दर्ता नम्बर |
| | | PAN दर्ता मिति |
| ९ | समाज कल्याण परिषदसगँको आवद्ध नम्बर, आबद्धता मिति र नवीकरण मिति | |
| १० | कर चुक्ता प्रमाण पत्र | |
| ११ | पछिल्लो साधारण सभा मिति | |
| १२ | पुर्णकालीन  कर्मचारी संख्या | |
| १३ | कार्यक्षेत्र/ विगतका कार्य अनुभवका आधारमा उल्लेख गर्नुहोस | १ |
| | | २ |
| | | ३ |
| | | ४ |
| १४ | संस्थाको लिखित नीति र कार्यविधी | |
| १५ | लेखा प्रणाली र लेखा Software  सम्बन्धी विवरण | लेखा प्रणालीको नामः |
| | | लेखा Software को नामः |
| १६ | सम्पत्ति व्यवस्थापन प्रणाली | |

**फाराम २: संस्थाको बारेमा जानकारीः**

| सि.न. | सम्पत्ति वा उपकरण (साझेदारीको क्षेत्रसगँ सम्बन्धित) | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**फाराम ३: संस्थाको कार्यकारी समितिको संरचनाको विवरणः**

| सि.न. | नाम | पद | शैक्षिक योग्यता | कार्यकाल अवधि |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**फाराम ४: संस्थाको कार्यकारी समितिको संरचनाको विवरणः**

**(**विगतको विवरण उल्लेख गर्न नपर्ने)

**फाराम ४: संस्थाको कार्यकारी समितिको संरचनाको विवरणः**

| सि. न. | कर्मचारीको नाम | लिङ्ग | शैक्षिक योग्यता | पद | विशेषज्ञताको क्षेत्र | अनुभव | कर्मचारीको प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

**(**विगतको विवरण उल्लेख गर्न नपर्ने)

**फाराम ५: विगत तीन बर्षको आर्थिक कारोबारः**

| सि.न. | आर्थिक बर्ष | वित्तीय कारोबार रकम रु |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

**फाराम ६: विगत तीन बर्षको संस्थाको रेकर्डः**

| सि. न. | परियोजनाको नाम | दातृ निकाय | कार्य क्षेत्र | कार्यक्रम सञ्चालन गरेको निकायको ठेगाना | काम गरेको लक्षित समुह | सम्झौता अधवी | सम्झौता रकमा | दातृ निकायको सम्बन्धिसत ब्यक्तिको सम्पर्क विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

# अनुसूची ३

आशयदाताहरुको छनौट सम्बन्धी सूचना!

प्रथम पटक प्रकाशित मितिः

रिब्दीकोट गाउँपालिकाले मिति..........................मा ......................... पत्रिकामा प्रकाशित "साझेदारीमा लोकिएको क्षेत्र" सञ्चालन गर्नका लागि तपशिल बमोजिमका आशय पत्रदाताहरुको छनौट गरिएको छ । छनौट भएका आशयदाताहरुलाई तोकिए अनुसार प्राविधिक र वित्तिय प्रस्तावना पेश गर्नको लागी अनुरोध गरिन्छ ।

<u>छनौट भएका आशयदाताहरुको सूची</u>

| सि.न. | साझेदार संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

यस सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन कार्यालय समय भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न अनुरोध छ । प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस गाउँपालिकाको वेवसाइट वा कार्यालयवाट प्राप्त गर्न सकिनेछ । छनौट भएका आशयदाताले आफ्नो तर्फवाट परियोजनामा लगानी गर्ने आर्थिक तथा प्राविधिक लागतको विस्तृत योजना र रकमको प्रतिवद्धता समेत पेश गर्न अनुरोध छ ।

तोकिएको क्षेत्रको कार्यक्रमको लागि कार्य विवरण, Term of Rteference, TOR

## १. पृष्ठभूमिः

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, लघु उद्यम, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपद व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सबलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रम मार्फत जीवनस्तरमा सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यले रिब्दीकोट गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐन २०७९ तथा कार्यविधीले दिएको अधिकार क्षेत्रभित्र रहेर कार्यक्रम/परियोजना सञ्चालन गर्न यो कार्यविवरण तयार गरिएको छ ।

## २. मुख्य उद्देश्यः

यस परियोजनाको मुख्य उद्देश्य गाउँपालिकाले तोकिएको क्षेत्रमा दीर्घकालिन उद्देश्यमा योगदान गर्नुरहेको छ । यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आबद्ध परिवारहरुलाई तथा समुहलाई एकीकृत गरी रोजगारीका अवसर सिर्जना गरी गरिबी निवारण तथा आर्थिक,

सामाजिका विकास गर्न सहजीकरण ने रहेकोछ ।
परियोजनाले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

१.
२.
३.
४.

प्रस्तावित बहुवर्षीय/सालबसाली योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् ।

१.
२.
३.

**३. परियोजना कार्यान्वयन प्रवन्ध**

प्रस्तावक संस्थाले परियोजना कार्यान्वयन गर्ने प्रक्रिया स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ । परियोजनाले प्रस्तावित लाभग्राहीहरुलाई समेट्ने, उनीहरुलाई परियोजनावाट लाभान्वित गराउने, आदि विषय लगायत कार्यान्वयन अवधारणाको प्रक्रिया उल्लेख गर्नुपर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवारी तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै परियोजना व्यवस्थापन प्रक्रिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनुपर्नेछ ।

**४. आवश्यक जनशक्ति**

यस परियोजना कार्यान्वयन आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालीन र अल्पकालीन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रिया वारे स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

**५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार**

यस परियोजना गाउँपालिकाका सबै वा तोकिएका वडाहरुमा सञ्चालन गरिने छ । प्रत्यक्ष/अपत्यक्ष रुपमा यस परियोजनाबाट लाभान्वित घरधुरीहरु ........ हुनेछन् । यस बाहेक परियोजनाले युवाहरुलाई युवा लक्षित कार्यक्रम मार्फत समेट्नेछ ।

**६. परियोजना अवधिः**

यस परियोजनाको समयावधि ....... वर्ष ......... महिनाको हुनेछ । परियोजना शुरु हुने मितिः .................. रहनेछ ।

**७. परियोजनाको कुल लागतः**

प्रस्तावित वहुवर्षिय परियोजनाका लागि यस गाउँपालिकाले पहिलोवर्ष रु.................... विनियोजन गर्नेछ भने परियोजनाको कुल लागत ............................ हुनेछ । यस बाहेक

प्रस्तावक संस्थाले लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम समेत खुलाउनुपर्ने छ ।

**८. अपेक्षित परिणाम**

यस परियोजनाले लक्षित किसान/लघुउद्यमीहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनुपर्नेछ ।

## अनुसूची ४

साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा

१. परियोजनाको नामः

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. परियोजनाको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. परियोजनाको कार्यान्वयन विधि

७. परियोजनाका क्रियाकलापहरु

८. परियोजनाको व्यवस्थापन

- व्यवस्थापन संरचना
- संस्थागत सहकार्य
- परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- परियोजनाको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. परियोजनाको पारदर्शिता

१२. परियोजनाको दिगोपना र हस्तान्तरण

अनुसूची ५

**आर्थिक प्रस्तावको ढाँचा**

१. साझेदारको कुल लागत रकम । लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको) प्रतिशत

२. परियोजना सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)

३. कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)

४. अन्य

## अनुसूची ६

**<u>साझेदारी कार्यक्रम सम्झौताको ढाँचा</u>**

"................... साझेदारी कार्यक्रम" संचालनका लागि रिब्दीकोट गाँउपालिका र ........... संस्था विचको

साझेदारी सम्झौता पत्र

१. परिचयः

२. कार्यक्रमको नामः

३. सम्झौता अवधिः

४. कार्यक्षेत्रः

५. प्रथम पक्षको जिम्मेवारीः

६. दोस्रो पक्षको जिम्मेवारीः

७. बजेट र वित्तीय कार्यविधिः

७.१ परियोजनाको कुल बजेटः

७.१.१ परियोजनाको वजेटमा प्रथम र द्धितिय पक्षको लागत विवरण सम्वन्धमाः

७.१.२ बजेट रकमान्तर सम्बन्धमाः

७.१.३ परियोजनाको विस्तृत बजेट विवरणः

७.२ बजेट निकासाः

७.२.१ बैक खाता सम्बन्धमाः

७.२.२ पेश्की सम्बन्धमाः

७.२.३ वार्षिक वजेट विनियोजन र निकासा सम्वब्धमाः

७.२.४ अग्रीम कर सम्बन्धमाः

७.२.५ विल भरपाई सम्बन्धमाः

७.२.६ विल जारी सम्बन्धमाः

७.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमाः

७.२.८ पेश्की तालिका विवरणः

७.२.९ स्थानीय साझेदार सम्बन्धमाः

७.२.१० विस्तृत कार्यक्रम र वजेट सम्बन्धमाः

८. लेखा परीक्षण तथा प्रतिवेदन

९. अनुगमन तथा मूल्यांकनः

९.१ कार्यक्रम अनुगमन तथा समन्वय समितिले.............

८.२ गाँउपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले..............

१०. सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र उल्लेख नभएका नियमहरु प्रचलित कानून बमोजिम लागू हुनेछन् ।

११. सम्झौताको संसोधन तथा खारेजी सम्बन्धी व्यवस्था

१२. परियोजना हस्तान्तरण

१३. विविध ।

माथि उल्लेखित शर्तका अधिनमा रहि मिति ....................... मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

प्रथम पक्षको तर्फबाट

..............................

साक्षीहरुः ..............................

दोस्रो पक्षको तर्फबाट

......................

........................

अनुसूची ७

**साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा**

१. कार्यक्रमको पृष्ठभूमी
२. लक्ष्य र उद्देश्य
३. कार्यक्षेत्र
४. कार्यान्वयन प्रक्रिया
५. सम्पन्न क्रियाकलाप
६. उपलब्धि (भौतिक तथा वित्तीय)
७. सुधारात्मक पक्ष र सिकाई
८. समस्या तथा सवालहरु
९. आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
१०. निष्कर्ष

आज्ञाले
मदन अर्याल
प्रमुख प्रशासकीय अधिकृत